**बैठक संख्या १५**

आज मिति २०७४ साल माघ १२ गतेका दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको बैठक समितिका अध्यक्ष एवम नगर प्रमुख श्री बासुदेव घिमिरेज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितीमा निम्नअनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | नगर प्रमुख श्री बासुदेब घिमिरे | नगर कार्यपालिका अध्यक्ष |
| २. | नगर उप प्रमुख श्री जगेश्वर देवी चौधरी | नगर कार्यपालिका सदस्य |
| ३. | श्री तामानाथ पाण्डेय | नगर कार्यपालिका सदस्य |
| ४. | श्री दधिराम गौतम | नगर कार्यपालिका सदस्य |
| ५. | श्री टंक प्रसाद तिवारी | नगर कार्यपालिका सदस्य |
| ६. | श्री दिवाकर ढकाल | नगर कार्यपालिका सदस्य |
| ७. | श्री चेत नारायण भण्डारी | नगर कार्यपालिका सदस्य |
| ८. | श्री सुखदेव न्यौपान | नगर कार्यपालिका सदस्य |
| ९. | श्री दुर्गाप्रसाद पाण्ड | नगर कार्यपालिका सदस्य |
| १०. | श्री कृष्णप्रसाद पौडेल | नगर कार्यपालिका सदस्य |
| ११. | श्री नारायण न्यौपान | नगर कार्यपालिका सदस्य |
| १२ | श्री व्यास मुन थारु | नगर कार्यपालिका सदस्य |
| १३. | श्री मुक्तिनारायण चौधरी थारु | नगर कार्यपालिका सदस्य |
| १४. | श्री सहदेव थारु | नगर कार्यपालिका सदस्य |
| १५. | श्री गणेश न्यौपाने | नगर कार्यपालिका सदस्य |
| १६. | श्री सोहन प्रसाद थारु | नगर कार्यपालिका सदस्य |
| १७. | श्री खेमराज गुरुङ्ग | नगर कार्यपालिका सदस्य |
| १८. | श्री झविलाल भुसाल | नगर कार्यपालिका सदस्य |
| १९. | श्री दान बहादुर चौधरी | नगर कार्यपालिका सदस्य |
| २०. | श्री गिता कुमारी सापकोटा | नगर कार्यपालिका सदस्य |
| २१. | श्री गायत्री पाण्डे | नगर कार्यपालिका सदस्य |
| २२. | श्री संगिता गुरुङ | नगर कार्यपालिका सदस्य |
| २३. | श्री राधा शाही | नगर कार्यपालिका सदस्य |
| २४. | श्री मिरा कुमारी वि.क. | नगर कार्यपालिका सदस्य |
| २५. | श्री लक्ष्मण नेपाली | नगर कार्यपालिका सदस्य |
| २६. | श्री सुरेन्द्र श्री विश्वकर्मा | नगर कार्यपालिका सदस्य |
| २७. | श्री हर्क बहादुर सार्की रम्तेल | नगर कार्यपालिका सदस्य |
| २८. | श्री कृष्णप्रसाद सापकोटा | नगर कार्यपालिका सदस्य सचिव |

अन्य उपस्थिती:

१. अधिवक्ता श्री खुमकान्त पौडेल
२. शाखा अधिकृत श्री सागर गौतम
३. इन्जिनियर श्री मनिस खनाल
४. लेखापाल श्री दामोदर पोखेल
५. स्वकिय सचिव श्री विष्णु प्रसाद अर्याल

निर्णय नं. १

- मिति २०७४।१०।८ र ९ गते अनुगमन गरिएका क्रसर उद्योगका संचालक वा निजका प्रतिनिधिहरुले उपप्रमुखको संयोजकत्मा रहेको अनुमान समति समक्ष मिति २०७४।११।११ गते बयान दिई आफ्नो गल्ति स्वीकार गरेको, श्रोत खुलाउन नसकेको, र अवैध हो भनि निजहरु स्वयंमले कबुल गरेको नदीजन्य पदार्थ नगरपालिकाले तोकेको स्थानमा तत् तत क्रसर उद्योगीले नै विसर्जन गर्न लगाउने निर्णय गरियो ।
- अनुगमन समितिले नदीजन्य पदार्थ अवैध र श्रोत नखुलेको हो भन्ने किटानी गरेको तर आफ्नो गल्ती स्वीकार नगरेको क्रेसर उद्योगीहरुको हकमा पुन एक पटक निजहरुलाई नगरपालिकाकोतर्फबाट सफाई पेश गर्ने मौका दिई प्राकृतिक श्रोत अनुगमन गर्न गठित जिल्लास्तरीय समितिमा कारवाहीको प्रकृति लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

- चालु आर्थिक वर्षमा निर्माण कार्य सुरु गर्न लागिएको यस नगरपालिकाको अतिथि गृह र प्रमुख प्रशासकीय भवनलाई समयमै सम्पन्न गर्नको लागि आवश्यक पर्ने आधारभूत विषयहरु (ड्इङ्ग, डिजाईन, स्पेशिफिकेशनको तयारी, सूचना प्रकाशन लगायत भवन निर्माण सुरु हुनपूर्वका क्रियाकलापहरुको सहजीकरण, समन्वय, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण प्रदान गर्नको लागि वार्ड नं. ६ मा निर्माण हुन लागेको भवनको हकमा कार्यपालिकाका सदस्यद्वय श्री सुखदेव न्यौपाने र चेतनारायण भण्डारी र वार्ड नं. ९ मा निर्माण हुन गईरहेको अतिथि गृहको भवनको हकमा कार्यपालिका सदस्य श्री नारायण न्यौपाने र श्री दुर्गाप्रसाद पाण्डेलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

- नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सडकहरुको अभिलेख अद्यावधिकक गर्न एवं भविष्यमा म्याट्रिक्स प्रणाली प्रयोगमा ल्याउन सहज होस भन्नका लागि सुरुवात गरिएको सूचना प्रविधिमा आधारित RoadInventory व्यवस्थापन, र पारिवारिक विवरण संकलन तथा उल्लिखित कार्यप्रकृतिसंग मिल्दोजुल्दो सुकुम्बासी, भूमिहिन, अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्ने कार्यलाई समेत प्रभावकारी रुपमा संचालन गर्न, यी विषयसँग सम्बन्धित तालिम संचालन, जनशक्ति पहिचान र परिचालन कार्य सम्पादनका मोडालिटी निर्धारणका अतिरिक्त अन्य आवश्यक समन्वय र सम्पर्कका लागि कार्यपालिका सदस्य श्री दुर्गाप्रसाद पाण्डेलाई अव्यवस्थित बसोबासीहरुको अभिलेख संकलन समितिका संयोजक श्री सुखदेव न्यौपानेसँग आवश्यक परामर्श र समन्वय गरी कार्यसम्पादन गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

- यस नगरपालिकाद्वारा सुरुवात गरिएको नगर सरसफाई अभियान र हरियाली प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि प्रत्येक वडा कार्यालयले वडा सदस्यहरु मध्येबाट एकजना सदस्यलाई सरसफाई तथा हरियाली प्रवर्द्धन सम्पर्क व्यक्तिको जिम्मेवारी तोकी नगरपालिकालाई जानकारी गराउनु पर्ने निर्णय गरियो ।

निर्णय नं. ५

- स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा १२ अनुसारका वडा समितिका काम कर्तव्य अधिकारहरुको प्रभावकारी रुपमा सम्पादन गर्नको लागि वडा सदस्यहरु बीच उक्त कार्यहरुको जिम्मेवारी बाँडफाँड गरी नगरपालिकालाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ६

- नगरपालिका भित्र अनुमति विना राखिएका होडिङ्ग बोर्डलाई प्रचलित कानूनको अधिनमा रही वडा कार्यालयहरुले नियमन गर्ने र नगरपालिकाको पूर्व स्वीकृत लिई वा नलिई राखिएको होडिङ्ग बोर्डहरुलाई नगरपालिकाको स्वीकृत लिनको लागि सूचित गरी नियमानुसार करको दायरामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ७**

- नगरपालिका भित्र जडान भएका सबै प्रकारका दूर संचार, टेलिभिजन, रेडियो लगायतका संचार र प्रसारसँग सम्वद्ध टावरहरुको कार्यप्रकृति अनुसार नक्सा पार गरे नगरेको, नगरपालिकाको पूर्व स्वीकृती लिए नलिएको, प्रचलित कानून अनुसार नगरपालिकालाई तिर्नु पर्ने राजस्व तिरे नतिरेको लगायतका विवरण सहितको अभिलेख अद्यावधिक गर्ने र नियमनका लागि आवश्यक कार्यविधि बनाई लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

- सम्बन्धित वडा कार्यालयहरुले आ-आफ्नो क्षेत्रधिकार भित्रको मुख्य बजार केन्द्रमा पार्किङ्ग स्थलहरुको एकिन गरी ट्राफिक संकेत राख्नु भएमा कस्तो प्रकारको ट्राफिक चिन्ह राख्नु पर्ने हो सो को एकिन गरी नगरपालिकासँग समन्वय गरी व्यवस्था मिलाउने निर्णय गरियो ।
- सडकको छेउमा जथाभावी रुपमा राखिएका निर्माणजन्य समाग्रीहरु हटाउन समय २०७४।१०।२० को समय सीमा तोकेर सार्वजनिक सूचना प्रकाशन गर्ने । तोकिएको समय दिई सूचित गर्दा पनि सडकको सीमा क्षेत्र भित्र थुपारि राखिएको निर्माणजन्य सामाग्री नहटाएमा नगरपालिको सहयोग लिई उक्त निर्माण सामाग्रीहरु वडा कार्यालय र नगरपालिकाले आफ्नो जिम्मामा लिई प्रचलित कानून अनुसार कारवाही प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

- नगरपालिकाबाट सम्पादित मुख्य मुख्य क्रियाकलापहरु समेटेर मासिक रुपमा "हाम्रो तिलोत्तमा" नामक मासिक मुखपत्र प्रकाशन गर्ने र उक्त मुखपत्रको संयोजनकारी जिम्मेवारी प्रेस सल्लाहाकार श्री वीपी गौतमलाई दिने निर्णय गरियो ।
- सम्बन्धित वडा कार्यालयहरुले आआफ्नो क्षेत्रधिकार भित्रको मुख्य बजार केन्द्रमा पार्किङ्ग स्थलहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

- नगरपालिका भित्र विक्रि वितरण हुने मदिराजन्य पदार्थको सेवन, विक्रि वितरण, ओसार पसार सम्र्वान्धि क्रियाकलापहरुको नियमन गर्नको लागि कार्यविधि बनाउने र कार्यविधिमा तयार भएपश्चात आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

- जग्गा प्लटिङ्ग सम्बन्धमा : सम्बन्धित जग्गा धनिले आफूले प्लटिङ्ग गर्न चाहेको जग्गाको क्षेत्रफल, विक्रि गर्ने घडेरीको क्षेत्रफल, सडकको चौडाई, न्यूनतम पूर्वाधार जस्तै खानेपानी, विजुली, ढल,फोहोर व्यवस्थापन, खुला ठाउँ पार्क लगायतका आधारभूत शहरी पूर्वाधार सुनिश्चित गरी प्लटिङ्ग योजना नगरपालिकाबाट स्वीकृत गरेपश्चात मात्र कार्यन्वयनमा लैजान अनुमति दिने निर्णय गरियो ।
- नगरपालिका भित्र सिँचाई सुविधा पुगेका खेतीयोग्य जमिनलाई बाँझो रान्न नपाउने सिंचाई सुविधा पुगेको स्थानमा सम्बन्धित जग्गा धनी स्वयले खेती गर्ने व्यक्तिको पहिचान गरी कुनै न कुनै प्रकारको खेती प्रणलीको अवलम्बन गर्नु पर्ने ।

निर्णय नं. १२

- वडा कार्यालय र मुख्य प्रशासनिक भवनलाई एक आपसमा आवद्ध गर्नको लागि आवश्यक पर्ने मेशिनरी औजारहरु, इन्टरनेट सेवा, सफ्टवेयर लगायतका विषयहरु समेटिएको प्राविधिक प्रस्ताव तयार पार्नको लागि सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी दिने र उक्त प्राविधिक प्रस्तावका आधारमा रही बजेट व्यवस्थापन गर्ने र वडा कार्यालयहरुलाई क्रमश डिजिटल प्रविधिमा रुपान्तरण गर्ने । पहिलो चरणमा: हाल संचालनमा रहेको राजस्व संकलन सफ्टवेयरलाई सबै वडा कार्यालयहरुमा जडान गरी अनलाईन राजस्व संकलन प्रणली माघ मसान्त सम्म लागू गरिसक्ने । दोश्रो चरणमा एकिकृत सम्पत्ति कर प्रणाली लागू गर्नका लागि आवश्यक पूर्वाधारहरु जडान गरी २०७४ साल चैत्र मसान्त सम्म परीक्षाको रुपमा संचालनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. १३

- यस नगरपालिकाको सार्वजानिक खरिद ऐन तथा नियमावली तर्जुमा नहुँदासम्मका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियावली २०६४ बमोजिम खरीद प्रणाली अवलम्न गर्ने निर्णय गर्दै यथासक्य उक्त ऐन तर्जुमा गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

- चालु आर्थिक वर्षमा निर्माण गर्न बजेट विनियोजन गरिएका वडा कार्यालयहरुको भवन निर्माणको पूर्व तयारीको काम सुस्त देखिएको हुँदा उक्त कार्यलाई तिव्रता दिई निर्माणको कामलाई सभयमा नै पूरा गर्नको लागि आवश्यक पहल गर्न कार्यपालिका सदस्य श्री नारायण न्यौपानेलाई जिम्मेवारी दिने निर्णय गरियो ।